


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

मनोबल उच्च राख्ने, सतर्कता अपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्डसम्बन्धी सूचना सम्प्रेषण गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ असार ०३ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 June 17 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८९

## सङ्क्रमण र मृत्यु दर घटेपछि चहलपहल शुरू

प्रस, वीरगंज, २४ जेठ/

पर्सा जिल्लामा निषेधाज्ञा अवधि असार ६ गते राति १२ बजेसम्म


तस्वीर: नितेश कर्ण

लम्बिएको छ। यो अवधिमा सङ्क्रमण र मृत्यु दर घटेसँगै जिल्लाभरि चहलपहल बढ्न शुरू भएको छ।

जिल्ला प्रशासन कार्यालय, पर्साले वैशाख १६ गतेदेखि जारी गरेको निषेधाज्ञा अवधि सातौंपटक लम्ब्याउँदै असार ६ गते राति १२ बजेसम्म पुऱ्याएको छ। यो अवधिमा सङ्क्रमित सङ्ख्या र मृत्युदर पनि घट्दो छ। सङ्क्रमण र मृत्यु दर घटेसँगै वीरगंज महानगरलगायत पर्सा जिल्लाभरि निषेधाज्ञा उल्लङ्घन बढ्दै छ।

निषेधाज्ञा अवधिमा के गर्ने, के नगर्ने र अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र निषेधाज्ञाको उल्लङ्घन गर्नेलाई दण्ड जरिवाना हुने सूचना जारी भइरहँदा अहिले सोको अवज्ञा गरेर काम भइरहेका छन्। अनावश्यक काममा पनि मानिस बाहिर निस्किने क्रम बढेको छ। मुख्य सडकको चोकचोकमा प्रहरी तैनाथ छन् तर कसैले पनि कुनै रोकटोक गरेको छैन।

घण्टाघर र पावरहाउस चोकमा खटेका प्रहरीले सवारी चेकजाँच गर्दैछन् बाँकी ठाउँमा दिनभरि निर्बाधरूपमा सवारीसाधन सञ्चालन हुने, पसल खुल्ने क्रम जारी छ। निषेधाज्ञा अवधिमा बिहान १२ बजेसम्म खाद्यान्न, किराना पसल सञ्चालनको इजाजत दिए पनि अहिले सबैखाले पसल बिहान १२ बजेसम्म खुलिरहेका छन्।

प्रशासनले पनि सङ्क्रमण र मृत्यु दर घटेको तथा निषेधाज्ञा अवधि लामो भएर जनता आजित भएको कारण कडाइ गरेको छैन।

वित्तीय संस्था अहिले राष्ट्र बैंकको निर्देशनमा पूर्णरूपमा सञ्चालन भएपछि महानगर र गापामा पनि चहलपहल झनै बढेको छ।

ग्रामीण भेगमा अहिले प्रायः सबै ठाउँका बजार सञ्चालनमा आएका छन्। त्यसैगरी, सवारीसाधन पनि निर्बाध चल्न थालेका छन्। दुई पाङ्ग्रे सवारीसाधन ग्रामीण क्षेत्रमा चल्ने गरेकामा एक सातादेखि सबैखाले सवारीसाधन सञ्चालनमा छन्।

नारायणी अस्पतालमा दैनिक स्वाब सङ्कलन घटेको छ। त्योसँगै सङ्क्रमित सङ्ख्या पनि घटेको छ भने वीरगंजभरिका अस्पतालमा सङ्क्रमितको मृत्यु दर पनि घटेको छ।

तीन/चार दिनदेखि सङ्क्रमितको मृत्यु भएको समाचार छैन। यसअघि जेठ ३० गतेसम्म वीरगंजका अस्पतालमा पर्सा र जिल्लाबाहिरका गरी दोस्रो कोरोनाकालमा ३२२ जनाको मृत्यु भइसकेको छ।

३० गतेदेखि अहिले मृत्युको खबर छैन। दैनिक १५ जनाभन्दा कम सङ्क्रमित देखिन थालेका छन्।

## वर्षाले पर्सा जिल्ला डुबान, आवागमनमा समस्या

नरेश यादव, सुग्रीव साह, २ असार/

लगातारको वर्षाले पर्सा जिल्लाका


तस्वीर: प्रतीक

विभिन्न भेग डुबानमा परेका छन् भने आवागमनमा समस्या भएको छ।

पर्सागढी नगरपालिकाको फन्टी खोलामा बाढी आउँदा आवतजावत प्रभावित भएको छ। सो खोलामा लच्का पुल मात्र रहेकोले सडकभन्दा माथिबाट पानी बग्दा आवतजावतमा समस्या भएको हो।

यसैगरी, जनता सडकखण्ड अन्तर्गत थुप्रै ठाउँमा कालोपत्र भत्किएको छ। छिपहरमाई गाउँपालिकाका विभिन्न वडामा पानी पसेर डुबान भएको छ। भिस्वा-५ देखि सबैठवा जाने पुल क्षतिग्रस्त हुन लागेपछि स्थानीयले आवतजावत बन्द गराएका छन्। नवगावाँसम्म सो बाटो भएर ढुङ्गा, गिट्टी, बालुवा ढुवानी गर्ने टिपरले पुल कमजोर भएपछि अहिले बाढीले सो पुल क्षतिग्रस्त भएपछि स्थानीयले टिपरको आवागमन रोक्न सडकमा ढुङ्गा बिछाएर अवरोध गरेका छन्। अहिले पोखरियाबाट भिस्वा जाने बाटो मात्रै चालू अवस्थामा छ।

## विद्यालय भवन निर्माणमा कमसल सामग्रीको प्रयोग

प्रस, पर्सागढी, २ असार/

पर्सागढी नगरपालिका-४ स्थित


तस्वीर: प्रतीक

नेरामावि बर्वाछटौलीको भवन निर्माणमा कमसल निर्माण सामग्रीको प्रयोग भइरहेको छ।

पर्सागढी नगरपालिकाको ३५ लाख र जनश्रमदानबाट ३ लाख ९० हजार गरी ३८ लाख ९० हजार रूपैयाँको लागतमा दुई कोठे पक्की भवन निर्माण कार्यमा कमसल निर्माण सामग्रीको प्रयोग भएको पाइएको छ।

निर्माणाधीन भवनमा पुराना मक्किएका झ्याल, ढोकालाई रङ्गरोगन गरी प्रयोग गरिएको छ।

झ्याल, ढोकाको रङ्गरोगन नगरिएको भाग हेर्दा मक्किएको, सडेको सहजै देख्न सकिन्छ। विद्यालयका प्रअ रामबहादुर चौधरी पनि पुराना झ्याल, ढोका प्रयोग भएको सहर्ष स्वीकार्छन्। उनले जनश्रमदानको ३ लाख ९० हजार प्रयोग भएको देखाउन पुराना झ्याल, ढोकाको प्रयोग भएको बताए।

३ लाख ९० हजार मूल्यबराबरको जनश्रमदान गर्नुपर्ने व्यवस्था भएपनि कसैले पनि सो कार्यमा नसघाएकाले बाध्य भएर यस्तो कार्य गर्नुपरेको उनको भनाइ छ।

भवन निर्माणको लागि ठेक्का लगाइएको छैन भने उपभोक्ता समिति पनि गठन गरिएको छैन। प्रअ स्वयंले निर्माण कार्यको निगरानी गर्दै आएका छन्। वडाध्यक्ष समसुद्दीन देवानले प्रअ स्वयंले भवन निर्माण कार्य गराइरहेको बताए।

## विद्यालय भवन निर्माणमा अनियमितताबारे ज्ञापन

प्रस, वीरगंज, २ असार/

बारा जिल्ला परवानीपुर गाउँपालिका वडा नं ५ मा बनेको


गापा अध्यक्ष हरिनारायण साहलाई ज्ञापनपत्र बुझाउँदै। तस्वीर: प्रतीक

विद्यालय भवन निर्माण कार्यमा अनियमितता भएको भन्दै नेपाली काङ्ग्रेसले गापा अध्यक्ष हरिनारायण साहलाई ज्ञापनपत्र बुझाएको छ।

नेका वडा एकाइ कमिटीका सभापति कुञ्जबिहारी पटेल नेतृत्वको टोलीले गापा अध्यक्ष साहलाई प्राथमिक विद्यालयको नयाँ भवन निर्माणमा अनियमितता भएको आरोपसहित ज्ञापन बुझाएको थियो। वडाध्यक्ष रामेश्वर साहले सार्वजनिक सूचना जारी नगरी उपभोक्ता समिति गठन गरेको र भवन निर्माणमा अनियमितता गरेको आरोप ज्ञापनपत्रमा लगाइएको छ।

ज्ञापनमा वडाध्यक्षले यसअघि विद्यालय व्यवस्थापन समिति गठन पनि अनियमित तरीकाबाट गरेको र अहिले उपभोक्ता समिति पनि आफूखुशी गठन गरी काम गरेको दोषारोपण लगाइएको छ।

गापा अध्यक्षसहित वडाध्यक्षलाई पनि ज्ञापन बुझाइएको थियो। गापा अध्यक्ष साहले वडापालिकासँग सोबारे बुझ्ने आश्वासन दिएका थिए। वडाध्यक्ष साहले आर्थिक वर्षको मसान्त भएकोले काम नरोक्न आग्रह गरे। उनले सबैको सहमतिमा विकास निर्माणको कामलाई अगाडि बढाउने प्रतिबद्धता जाहेर गरे।

ज्ञापनपत्र बुझाउँदा नेपाली काङ्ग्रेसका मुना पटेल, अनिल पटेललगायतको सहभागिता थियो।

## सर्रे खोलामा झोलुङ्गे पुल शिलान्यास

प्रस, सिराहा, २ असार/

सिराहा जिल्लाको धनगढीमाई नगरपालिकास्थित सर्रे खोलामा झोलुङ्गे पुलको शिलान्यास भएको छ। उक्त पुलको नगरप्रमुख हरिनारायण चौधरीले शिलान्यास गरेका हुन्।

९६ मिटर लामो र पाँच फिट चौडाइको झोलुङ्गे पुल नगरपालिका, स्थानीय बासिन्दा र झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको त्रिपक्षीय सहयोगबाट एक करोड सात लाख रुपैयाँ बजेट लगानीमा निर्माण गरिने नगरप्रमुख चौधरीले बताए। उक्त पुल यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिने उनको भनाइ छ।

धनगढीमाई नगरपालिका-१४ का बासिन्दा र नगरपालिकाको कार्यालय आउजाउ गर्ने स्थानमा निर्माण हुन लागेको उक्त पुलले सो वडाको मड्यान, महाजनी, हाथीढुङ्गा, राईराईनीलगायतका क्षेत्रका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने छन्। खोलामा पुल नहुँदा त्यस क्षेत्रका बासिन्दाहरू वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्दै आएका छन्। झोलुङ्गे पुल निर्माण हुने भएपछि सो क्षेत्रका बासिन्दाले शिलान्यास कार्यक्रममैं नाचगानसहित खुशियाली मनाएका थिए।

**विचारसार एवं सूक्तिहरू**

**अहिलेसम्म हामीले के प्राप्त गर्न बाँकी छ, थाहा छ ? हेर:- छैटौं हो अद्वैत- किनभने अहिलेसम्म मानवजातिलाई युद्ध र स्वार्थ-साधना गर्ने विद्या मात्रै आउँछ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# मनसुन शुरू

**हाम्रो मुलुकमा हरेक वर्ष जून १० को आसपास अर्थात असार महीना लागेपछि मनसुन भित्रिने गर्छ । यस वर्ष पनि जून १३ मा मनसुन भित्रिने अनुमान गरिएको थियो, अनुमानभन्दा दुई दिन पहिले जून ११ मा मनसुन भित्रिएको छ। हरेक वर्ष मनसुनले खुशीसँगै विपत्ति पनि बोकेर आउने गरेको छ । खेती गर्ने किसानको लागि मनसुन वरदान हो । मानो खाएर मुरी उब्जाउनुपर्ने असार महीनामा वर्षा नभए समयमा धान बाली लगाउन सकिँदैन । सिंचाइ नहर वा भूमिगत डीप बोरिङको प्रयोगबाट सिंचाइ गर्नेहरूका लागि पनि मनसुनविना असहज छ। वर्षा भएन भने कुलोको मुहान र भूमिगत सिंचाइका स्रोतहरूसमेत सुक्ने हुँदा समस्या खडा हुन्छ। यसर्थ किसानहरू मनसुन शुरू हुँदा खुशी हुन्छन्। यो खुशीसँगै मनसुनले हिमाली तथा पहाडी क्षेत्रमा बाढी, पहिरो र समथर तराई-मधेस क्षेत्रमा नदी कटान, डुबानको समस्या पनि ल्याएर आउँछ। बाढी, पहिरो साथै डुबान, कटानले हाम्रो मुलुकमा बर्सेनि सयौंको ज्यान जाने, बेपत्ता पार्ने गरेको छ । बितेको वर्ष बाढी, पहिरो तथा डुबानमा परेर ३४३ जनाको मृत्यु भएको थियो भने १०१ जना अझै बेपत्ता छन्। पछिल्लो १० वर्षयता हरेक वर्ष एक सयजनाभन्दा बढीले ज्यान गुमाइरहेका छन्।**

**मनसुन शुरू भएपछि हुने बाढी, पहिरो, भूक्षय, नदी कटान, डुबानका घटना प्राकृतिक एवं दैवी प्रकोप हो तर आकस्मिक एवं अकल्पनीय भने होइन। हरेक वर्ष मुलुकमा मनसुन भित्रिने तिथिमिति निश्चित छ । यसले निम्त्याउने विपत्ति पनि निश्चित छ। हामी आधुनिक प्रविधियुक्त युगमा प्रवेश गरिसकेका छौं। अब त कहिलेदेखि, कुन क्षेत्रमा र कुन हदसम्मको विपत्ति आउन सक्छन् भन्ने कुराको पनि पूर्वानुमान गरिन्छ। यसले विपत्तिपूर्व सतर्कता अपनाउनका लागि प्रशस्तै समय पाइन्छ । यस वर्ष बाढी, पहिरोबाट १६ लाख ८७ हजार ४ सय ९७ घरपरिवार प्रभावित हुने अनुमान छ । सबैभन्दा बढी सुनसरी जिल्ला प्रभावित हुने, दोस्रोमा रौतहट, तेस्रोमा कञ्चनपुर र चौथौ प्रभावित हुनेमा सिराहा जिल्ला रहेको राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरणको अनुमान छ । मनसुन प्रारम्भ भएकै साता सिन्धुपाल्चोक लगायतका पहाडी जिल्लाबाट मानवीय क्षति शुरू भइसकेको छ।**

**हाम्रो मुलुकमा जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि अपनाइने उपाय एवं तयारी भने छेपारोको कथा जस्तो छ। हरेक वर्ष जब मनसुन शुरू हुन्छ, तब जिल्ला जिल्लामा विपद् व्यवस्थापनको लागि बैठक शुरू हुन्छ । विपद्मा परेका केही क्षेत्रमा दुई/चार प्याकेट राहत वितरण हुन्छ। पीडितले राहतको नाममा रासनभन्दा बढी नेताहरूको भाषण पाउँछन् । फेरि बिस्तारै हिउँद लाग्छ, तब वर्षाको विपत्ति बिर्सन्छन्। बितेको वर्षामा पहिरोले विस्थापित बस्तीका बासिन्दाको व्यवस्थापन अझै पनि भइसकेको छैन । अघिल्लो वर्ष हप्तौंसम्म बस्ती नै डुबानमा परेर जीउधनको क्षति सहेका मधेसका गाउँटोलमा फेरि त्यस्तो विपत्ति पर्दा के गर्ने ? आकस्मिक सुरक्षाको कुनै प्रबन्ध छैन । डुबानको समयमा सुरक्षित स्थानमा सेल्टर घर बनाउने, हरेक गाउँटोलमा लाइफ ज्याकेटका साथै प्लास्टिक बोट राख्ने, डोरी र ट्युबको व्यवस्था गर्ने, आपत्कालीन साइरन र सञ्चारको व्यवस्था मिलाउने र जोखिम क्षेत्रका बासिन्दालाई प्रशिक्षण दिने कुरा चलेको थियो । तर त्यो त छेपारोको कथा चरितार्थ भएको छ।**

# प्रदेशको बजेटमा शिक्षा

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**प्रदेश सरकारले शिक्षाको क्षेत्रमा ठूला र महत्त्वाकाङ्क्षी घोषणाहरू गरेको छैन । शिक्षा क्षेत्रको बजेट कार्यान्वयन गर्न सकिने किसिमको रहेको छ । शिक्षा क्षेत्रमा खासै कुनै क्रान्ति नै गर्ने कल्पना पनि बजेटले गरेको छैन तर नमूना विद्यालय स्थापना, प्रदेश पुस्तकालयको कल्पना, संस्कृत विद्यालयको व्यवस्थापनजस्ता महत्त्वपूर्ण पक्ष रहेका छन् ।**

नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरेको प्रदेशसभामा प्रदेश सरकारले नियमानुसार असार १ मा आगामी आर्थिक वर्षको लागि बजेट पेश गरेको छ । प्रदेश सरकारले ल्याएको बजेटको विभिन्न पक्षबाट विश्लेषण शुरू गरिएको छ । अहिले देशको मुख्य समस्याको रूपमा रहेको कोरोनाको कहरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रममा घोषणा गरिए अनुसार नै स्वास्थ्य केन्द्रित बजेट रहेको छ । स्वास्थ्यको क्षेत्रमा यो बजेट निकै प्रशंसनीय रहेको प्रतिक्रिया आएको छ। केन्द्र सरकारले शिक्षालाई प्राथमिकतामा राखेर सबैभन्दा बढी बजेट पेश गरेको छ भने प्रदेश सरकारले पेश गरेको बजेटमा शिक्षाको अवस्था कस्तो रहेको छ त ? यस विषयमा पनि थोरबहुत चर्चा हुनु स्वाभाविक हो ।

प्रदेश सरकारको बजेटको बुँदा ४८ देखि ५२ सम्म शिक्षा क्षेत्र समेटिएका छन् । यहाँ अठचालीसौंलाई पहिलो र बाउन्नौंलाई अन्तिम बुँदा भनेर सामान्य विश्लेषण गर्ने जमर्को गरिएको छ ।

शिक्षा क्षेत्रको पहिलोमा बुँदा भनिएको छ- "प्रत्येक जिल्लामा एक/एक वटा नमूना सामुदायिक विद्यालय स्थापना तथा सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न रु २४ करोड विनियोजन गरेको छु ।" यस बुँदामा छुट्याइएको भनिएको रकमलाई हरेक जिल्लामा समानरूपले विभाजन गर्दा प्रत्येक जिल्लामा तीन करोड रुपैयाँ पुग्ने देखिन्छ । प्रदेश सरकारले दिएको यो ठूलै रकम हुनेछ। यस बुँदाका तीन पक्ष रहेका छन्, एक, नमूना सामुदायिक विद्यालय स्थापना, दुई, सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण र तीन, भौतिक पूर्वाधार सुधार । सामुदायिक विद्यालयको भौतिक पूर्वाधार भन्नु चाहिं सामान्य अर्थमा भवन निर्माण र सुधार भन्नु चाहिं मरम्मतसम्भार र रङ्गरोगन आदि हुन सक्छन्। यी कुराहरू बजेटमा नियमित आइरहन्छन्। कतिवटा विद्यालय नतोकिएको र एक विद्यालयलाई कति रकम दिने वा कति कोठे बनाउने जस्ता स्पष्ट नभएकोले पछि निर्देशन वा कार्यविधि आएपछि स्पष्ट हुने बुझ्नुपर्ने हुन्छ तर यहाँ नमूना सामुदायिक विद्यालय स्थापना एउटा प्रमुख काम हुने भएको छ । केन्द्र सरकारले हरेक निर्वाचन क्षेत्रमा एउटा घोषणा गरेको नमूना विद्यालय कार्यक्रमलाई बिस्तारै-बिस्तारै गर्दै लगेको छ र प्रदेश सरकारले प्रत्येक जिल्लामा एक/एक वटा नमूना विद्यालय स्थापनाको कार्यक्रम ल्याएको छ । यस बुँदामा छुट्याइएको बजेटलाई तीन भाग गर्दा यस कार्यक्रमको लागि एक जिल्लामा एक करोड बजेट रहेको अनुमान हुन्छ। नमूना सामुदायिक विद्यालय स्थापना भनिएकोले बिल्कुलै नयाँ विद्यालय हुने हो कि अहिले सञ्चालनमा रहेकै सामुदायिक विद्यालयमध्ये हरेक जिल्लामा प्रदेश सरकारले एउटा नमूना विद्यालय घोषणा वा छनोट गरी कार्यक्रम सञ्चालन गर्ने हो भन्ने कुरो बिस्तारै स्पष्ट हुँदै जाला तर प्रदेश सरकारको तर्फबाट ल्याएको यो कार्यक्रम सकारात्मक रहेको छ । अब प्रदेश सरकारको पनि नमूना विद्यालय हुने भयो, जसबाट प्रदेश सरकारको शिक्षाको दृष्टान्त देख्न सकिन्छ। यस कार्यक्रमको प्रभावकारिताको अपेक्षा सर्वत्र रहने कुरामा दुई मत छैन ।

बुँदा दुईमा भनिएको छ- "प्रदेशस्थित सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्रछात्राहरूलाई खेलकूदको माध्यमबाट शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान निर्माण तथा स्तरोन्नति गर्न रु ८ करोड विनियोजन गरेको छु ।" यसबाट यो स्पष्ट हुन्छ कि प्रदेशमा रहेका आठ जिल्लालाई समानरूपमा रकम विभाजन गर्दा हरेक जिल्लाको भागमा एक करोड रुपैयाँ पर्ने देखिन्छ । हरेक जिल्लामा सरदर चार सय सामुदायिक विद्यालय मान्ने हो भने औसतमा पच्चीस हजार रुपैयाँ खेलकूदको लागि जाने देखिन्छ । यदि प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक विद्यालयको तह अर्थात् कक्षा सञ्चालनको आधारमा विद्यालयलाई रकम उपलब्ध गराउने हो भने रकमको मात्रा फरक पर्न जाने देखिन्छ। बजेटमा खेलमैदान निर्माण तथा स्तरोन्नति भनी किटान गरिएकोले बालबालिकाको खेलकूदको लागि पुरस्कार वा खेलकूद सामग्री व्यवस्थापनमा यो रकम जाने देखिंदैन। यस कारण अब लगभग हरेक विद्यालयको आफ्नो खेलकूदलाई थोरै भएपनि स्तरीय बनाउन प्रदेश सरकारले सकारात्मक सहयोग गर्ने देखिएको स्पष्ट भएको छ । यस बुँदाले खेलकूदको आधारभूत आवश्यकताको रूपमा रहेको खेलमैदानलाई प्राथमिकता दिएको छ।

तेस्रो बुँदामा भनिएको छ- "प्रदेशस्थित ऐतिहासिक पुस्तकालयहरू तथा संस्कृत विद्यालयहरूको सुदृढीकरण र जनकपुरधाममा रहेको प्रादेशिकस्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।" यस बुँदाको निकै धेरै महत्त्व रहेको छ । प्रदेशका ऐतिहासिक पुस्तकालयको संरक्षण हुने, पुस्तकालयहरू सुदृढ हुने र पुराना संस्कृत विद्यालयहरू पनि सुदृढ हुने विश्वास गर्न सकिन्छ। यदि यस बुँदाको कार्यान्वयन हुन्छ भने थोरै भएपनि अध्ययनतिर मानिसको रुचि बढ्न सहयोग हुन्छ र संस्कृतको माध्यमले संस्कृतितिर पनि सकारात्मक प्रभाव पर्ने हुन्छ। जनकपुरमा प्रदेशस्तरको पुस्तकालय स्थापनाको सम्भाव्यता अध्ययन हुनु निकै महत्त्वपूर्ण हुनेछ । यस कार्यक्रमले सफलता प्राप्त गर्न सकेमा प्रदेशमा केही वर्षमा आफ्नो पुस्तकालय हुने र प्रदेशका सबै लेखक, साहित्यकारले आफ्ना पुस्तक त्यहाँ देख्न पाउने वा पाठकहरूले पनि प्रदेशका लेखक साहित्यकारहरूको बारेमा र तिनका कृतिहरूको बारेमा त्यहाँ बुझ्न वा पढ्न पाउने सम्भावना बढेको छ । पठन संस्कृतिको विकासतर्फ यस बुँदाले थोरै भएपनि सकारात्मक सहयोग गर्ने विश्वास लिन सकिन्छ ।

चौथो बुँदा यस्तो छ- "उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाति, दलित, मुस्लिम छात्रा तथा मधेस आन्दोलनका शहीद परिवार, घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गर्न रु २ करोड विनियोजन गरेको छु ।" प्रदेश सरकारले बजेटमार्फत छात्रवृत्तिको यो कार्यक्रम ल्याएको हो । यस कार्यक्रमले सीमान्तकृत समुदाय तथा मधेस आन्दोलनमा सहभागी भएका परिवारलाई उच्च शिक्षामा पहुँच पुऱ्याउने प्रयास गरेको देखिन्छ । उच्च शिक्षामा सीमान्तकृत समुदाय तथा मधेस आन्दोलनका शहीद परिवारको पहुँच हुने आधार यसबाट केही हदसम्म तयार हुने सम्भावना रहेको छ। अझ यस बुँदामा अत्यन्त विपन्नलाई समेटन सके राम्रो हुने थियो ।

अन्तिम बुँदामा भनिएको छ- "सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्राथमिक स्वास्थ्य उपचार परामर्श सेवा उपलब्ध गराउन एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिन रु ३ करोड ५० लाख रकम विनियोजन गरेको छु ।" चालू आर्थिक वर्षमा केही विद्यालयमा यो कार्यक्रम लागू भएको देखिएको थियो । वैशाखको पहिलो हप्तादेखि कामकाज गर्ने गरी नियुक्ति बोकेर केही विद्यालयमा नर्सहरू पुगेका थिए तर लगत्तै कोरोनाको दोस्रो कहरले गर्दा विद्यालयहरू बन्द भइहाले । यो कार्यक्रमको उद्देश्य धेरै राम्रो रहेको छ तर विद्यालयमा नर्स नयाँ किसिमको कर्मचारी भएकोले यसको प्रभावकारिता देख्न बाँकी छ । रित्तो नर्स पुगेर पनि धेरै सजिलो हुन सक्छ तर स्वास्थ्य उपचार तथा परामर्श सेवा उपलब्ध गराउन आवश्यक केही उपकरण र सामग्री तथा तिनको व्यवस्थापनसमेत गन सकिएमा अझ राम्रो हुने थियो। यस कार्यक्रमले प्रदेशका प्रत्येक विद्यालयमा एक नर्स पुग्ने बाटो खोलेको छ र विद्यालयमा अहिलेसम्म केन्द्र सरकारको तलबमा काम गर्ने शिक्षक, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगी र निजी स्रोतका कर्मचारी रहँदै आएका थिए । स्थानीय सरकार गठन भएपछि कतिपय स्थानीय तहले आफ्नोतर्फबाट दरबन्दी नै सिर्जना गरी शिक्षक नियुक्ति गरेका छन् । यस कार्यक्रमले अब प्रत्येक विद्यालयमा प्रदेश सरकारको एकजना स्वास्थ्य कर्मचारी हुने भएको छ। यस कार्यक्रमले निरन्तरता पाउँदा विद्यालयमा हुने स्वास्थ्य समस्याको सही पहिचान तथा समाधान छिटो हुने विश्वास गर्न सकिन्छ।

प्रदेश सरकारले शिक्षा क्षेत्रका लागि पाँच बुँदा तय गरेको देखिन्छ बजेटमा। यस बजेटका चार बुँदामा कुन कार्यक्रमका लागि कति बजेट भनी किटान गरिएको छ र एउटा बुँदामा रकम किटान नगरी आवश्यक बजेट व्यवस्थापन गरिएको भनिएको छ। चार बुँदामा गरी कुल रु ३७ करोड ५० लाख बजेट प्रदेश सरकारले प्रदेश शिक्षाको विभिन्न काममा खर्च गर्न विनियोजन गरेको देखिन्छ । शिक्षा क्षेत्रको सबैभन्दा बढी बजेट पहिलो बुँदामा रहेको छ। यसबाट यो स्पष्ट हुन आउँछ कि प्रदेश सरकारले यस बजेटमा सबैभन्दा बढी नमूना विद्यालय स्थापनामा जोड दिएको छ। प्रत्येक जिल्लामा एउटा नमूना सामुदायिक विद्यालय स्थापनाको कुराले शिक्षा क्षेत्रमा एउटा नवीन उत्सुकता थपिदिएको छ । शिक्षा क्षेत्रमा प्रदेश सरकारको नमूना विद्यालयको मोडल कस्तो हुन्छ र त्यसको व्यवस्थापन तथा सञ्चालन कसरी हुन्छ ? यो उत्सुकता बढेको छ। प्रदेश सरकारको यो कार्यक्रमले सफलता पाएमा हरेक वर्ष एउटा नमूना विद्यालय बनाउँदै जानुपर्ने सुझावहरू आउन थाल्छन् भने प्रत्येक स्थानीय तहमा पनि यस प्रकारको कार्यक्रम आउने देखिन्छ।

प्रदेश सरकारले शिक्षाको क्षेत्रमा ठूला र महत्त्वाकाङ्क्षी घोषणाहरू गरेको छैन । शिक्षा क्षेत्रको बजेट कार्यान्वयन गर्न सकिने किसिमको रहेको छ। शिक्षा क्षेत्रमा खासै कुनै क्रान्ति नै गर्ने कल्पना पनि बजेटले गरेको छैन तर नमूना विद्यालय स्थापना, प्रदेश पुस्तकालयको कल्पना, संस्कृत विद्यालयको व्यवस्थापनजस्ता महत्त्वपूर्ण पक्ष रहेका छन्।

# अब दाताकै सहारामा बाँकी जीवन

महोत्तरी, २ असार/रासस

"उजाडिएको परिवार अब के गरी सम्हालिन्छ हजुर..." सहानुभूति दर्शाउन घर पुग्ने जोसुकैसँग महोत्तरीको बर्दिबास नगरपालिका-३ गौरीडाँडाका ६५ वर्षीय बलबहादुर परियार बलिन्द्र धारा आँसु काढ्दै एकोहोरो यस्तै बिलौना गर्छन् । "अब बुताको कुरा रहेन, दयामायामा पुग्यो जिन्दगी ! दाताकै सहारामा बाँकी जीवन हुने'भो !" एक दिनको फरकमा दुई छोरा गुमाउँदाको पीडाले गलेका परियारको थप बिलौना हुन्छ ।

गत जेठ अन्तिम साता परियार परिवारमा बज्रपात भयो। जेठ २८ गते जेठो छोरा ४० वर्षीय बौवा भनिने देवबहादुर परियार घरनजीकै पासो लागेको अवस्थामा मृत भेटिए। त्यसको लगत्तै भोलिपल्ट जेठ २९ गते ३५ वर्षीय माइलो छोरा रमेश परियार बर्दिबास-१ मा पर्ने पूर्व-पश्चिम राजमार्गनजीकै मृत भेटिए। एक दिनको फरकमा दुई छोराको अस्वाभाविक मृत्युले परियार परिवार अहिले विक्षिप्त अवस्थामा पुगेको छ ।

सानो काठे घर, एकापट्टि बलबहादुर थाप्लामा हात राखेर बिलौना गरिरहेका देखिन्छन् । अर्कापट्टि मृतक रमेश परियारकी करीब ३० वर्षीया पत्नी सञ्जु दुई लालाबाला काखमा लिएर बिलौना गर्दै । रुँदारुँदै अब परियार परिवारको आँसु रित्तिँदै छ । "हजुर, तीन छोरा ससानै थिए, बूढी (पत्नी) मरी, यिनले पाल्छन् भन्ने आसले अर्की ल्याउनेतिर लागिन, बनीबुतो गरेर हुर्काएँ," बलबहादुरले घरमा पुगेका सञ्चारकर्मीसँग भक्कानिँदै भने, "कान्छो घर छाडेर हिंड्यो कान्छी लिएर, घरमा भा'का दुईटा भकाभक मरे, यो काल मलाई चैं किन आएन ?" तीन भाइ छोरा भएपनि जेठो क्यान्सरले गाँजेको हुँदा सिकर्मी सीप भएको माइलाले काम गरेर परिवारको भरणपोषण चलाएको बलबहादुरको भनाइ छ। "ऊ ढले (मरे) पछि मेरो परिवार उजाडियो, अब माइली बुहारी, नातिनातिना र आफू कसको सहारामा बाँच्ने ?" बलबहादुरले आफ्नो दु:खेसो पोखे ।

केही वर्ष वैदेशिक रोजगारमा मलेसिया रहेका जेठा छोरा (देवबहादुर) को दुर्घटनामा परी एउटा खुट्टा जखम भएर दुई वर्षअघि घर फर्केपछि क्यान्सर भएको थियो । बिहे पनि नगरेका र रोगका कारण जीवनबाट निराश भएका जेठाले आत्महत्या रोजेको परिवारका सबै बताउँछन् । तर दिनहुँ काम गर्दै आएका माइलाको मृत्युबारे परियार परिवारले चित्त बुझाउने ठाउँ भेट्टाएको छैन । "ऊ कर्तव्यमैं परेको हुनुपर्छ," बलबहादुले भने । घरबाट करीब दुई किलोमिटरको दूरीमा राजमार्गनजीक मृत भेटिएका रमेशको शरीरमा देखिएका चोटबारे गहिरो अनुसन्धान हुनेपर्ने परियार परिवारको माग छ ।

गौरीडाँडामा एक कट्ठा ऐलानी पर्ती जग्गामा सानो कटेरोजस्तो घरबाहेक यो परिवारको टेक्ने समाउने अन्य कुनै भरथेग नभएको छिमेकी बताउँछन् । "बलबहादुरले आफ्नो बुता हुँदा बनीबुतो गरेर छोरा हुर्काउनुभयो, अहिले लगालगी दुई छोरा गएपछि बज्रपात पऱ्यो," छिमेक बस्तीकै सामाजिक, राजनीतिक कार्यकर्ता सरिता ढुङ्गानाले भनिन्, "खासमा माइलाको मृत्युले यो परिवारको गाँस खोसियो।" घरमा आउनेसँग बलबहादुर सकीनसकी कुरा गरे पनि सञ्जु (रमेशकी पत्नी) भने पतिको मृत्युसँगै

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या प्रतिदिन घट्दो

नयाँ दिल्ली, २ असार/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक अधिकारीहरूले जनाएका छन्।

त्यसैगरी, सक्रिय अवस्थामा रहेका कारण अहिलेसम्म कुल तीन लाख ७९ हजार ५७३ जनाको मृत्यु भएको देखिएको



भारतमा रेलयात्रुहरूको शारीरिक तापमान जाँच्दै स्वास्थ्यकर्मी। तस्वीर: एजेन्सी

सङ्क्रमित भएकाहरूको सङ्ख्यामा कमी हुँदै आएको छ।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ६२ हजार २२४ जना कोरोना भाइरसबाट थप सङ्क्रमित भएका छन्।

यो सङ्ख्या अघिल्ला दिनहरूको भन्दा कम हुँदै गएको हो। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले ३.२२ प्रतिशतको दरले सङ्क्रमण घटेको जनाएको छ।

पछिल्लो नौ दिनमा औसतमा ९ प्रतिशतको दरले सङ्क्रमितहरूको सङ्ख्यामा कमी हुँदै आएको मन्त्रालयका सङ्क्रमितहरूको सङ्ख्या पनि घट्दै गएर अहिले आठ लाख ६५ हजार ४३२ रहेको छ। सक्रिय सङ्क्रमितहरूको सङ्ख्या घटेर ७० दिनपछि अहिले पहिलोपटक नौ लाखभन्दा कम भएको अधिकारीहरूले जानकारी दिएका छन्।

मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार भारतमा कोरोन भाइरसबाट सङ्क्रमणमुक्त भएकाहरूको दर ९५.८० रहेको छ। भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या दुई करोड ९६ लाख ३३ हजार १०५ पुगेको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, भारतमा कोरोनाका छ। तीमध्ये दुई हजार ५४२ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

पछिल्लो एक दिनमा भारतमा एक लाख सात हजार ६२८ जना सङ्क्रमणमुक्त भएको पाइएको छ। योसँगै सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या दुई करोड ८३ लाख ८८ हजार एक सय रहेको छ।

भारतको स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म कुल ३८ करोड ३३ लाख छ हजार ७९१ पटक कोरोना परीक्षण गरिएको छ। त्यस्तै, २६ करोड १९ लाखलाई कोभिड–१९ विरुद्धको खोप लगाइएको छ। रासस

## इजरायलद्वारा गाजा क्षेत्रमा फेरि बमबारी

जेरुसेलम, २ असार/एपी

इजरायली वायुसेनाले बुधवार बिहानै प्यालेस्टिनीको बसोबास रहेको गाजापट्टीमा धेरैवटा हवाई आक्रमण गरेको छ। गत महीना गाजापट्टीमा सक्रिय हमास समूहसँग युद्धविराम गरेपछि पहिलोपटक इजरायली सेनाले आक्रमण गरेको हो।

इजरायली सेनाले हमास लडाकू समूहका ठेगानाहरूलाई लक्षित गरिएको जनाएको छ। हमास लडाकूहरूले इजरायली भूमिमा आक्रमण गर्ने योजना बनाइरहेको सूचनाका आधारमा हवाई हमला गरिएको पनि सेनाको भनाइ छ।

इजरायली आक्रमणबाट कुनै जनधनको क्षतिका बारेमा विवरण प्राप्त भइसकेको छैन।

मङ्गलवार सयौं इजरायली अतिराष्ट्रवादीहरूले पूर्वी जेरुसेलममा अरब र प्यालेस्टिनीविरुद्ध चर्का नाराबाजीसहित प्रदर्शन गरेका थिए। यस प्रदर्शनले पुनः हिंसात्मक शृङ्खला शुरू हुने खतरा निम्त्याएको छ।

प्रतिक्रियास्वरूप गाजास्थित प्यालेस्टिनीहरूले इजरायलको दक्षिणी भेगमा विस्फोटक पदार्थ भरिएका बेलुनहरू गाजाबाट उडाएका थिए। यी बेलुन विस्फोट हुँदा करीब दश ठाउँमा आगो लागेको इजरायली सेनाको भनाइ छ।

यहूदी समुदायको जुलुस प्रदर्शनले झिनो बहुमतसहित बनेको सरकारका साथै ११ दिनसम्म चलेको इजरायल र हमासबीचको युद्ध रोक्ने गरी भएको युद्धविराम सम्झौतालाई सङ्कटमा पार्ने खतरा उत्पन्न गरेको छ। गत महीनाको आक्रमणमा २५० जना प्यालेस्टिनी र १३ जना इजरायलीको ज्यान गएको थियो भने गाजामा बम आक्रमणबाट ठूलो सङ्ख्यामा धनमाल क्षतिग्रस्त भएको थियो। यहूदी समुदायले गरेको प्रदर्शनलाई प्यालेस्टिनीहरूले अत्यन्त निन्दनीय र खेदपूर्ण भनेका छन्। हमासले उक्त प्रदर्शनको प्रतिरोध गर्न प्यालेस्टिनी समुदायसँग अपील गरेको छ। पूर्वी जेरुसेलमकै विवादलाई लिएर गत महीना ११ दिने युद्ध भएको थियो।

गाजाबाजासहितका सयौं अतिराष्ट्रवादी यहूदीहरूको समूहले दमास्कस गेटसम्म प्रदर्शन गरेका थिए। यी प्रदर्शनमा सहभागीहरू अधिकांश युवा थिए र धेरैले इजरायली झन्डा बोकेका थिए।

तर इजरायली विदेशमन्त्री याइर लापिडले ट्वीट गर्दै उक्त प्रदर्शनको निन्दा एवं भर्त्सना गरेका छन्। उनले जातिभेदी नाराबाजीले इजरायली जनताको अपमान गर्ने बताएका छन्।

यो प्रदर्शनमा सहभागीहरू अघिल्लो महीनाका भन्दा कम थिए। दमास्कस गेटबाट उक्त भीड पुरानो शहरबाट पश्चिमी पर्खालतर्फ गएको थियो, जहाँ यहूदीहरूले प्रार्थना गर्ने गर्दछन्। रासस

## चीनको शाङ्सीमा खानी दुर्घटनामा ११ जनाको मृत्यु

टाइयुआन, २ असार/सिन्ह्वा

चीनको उत्तरी क्षेत्रस्थित शाङ्सी प्रान्तको एक फलामखानीमा बाढीको पानी पसेर दुर्घटना हुँदा कम्तीमा ११ जना मजदूरको मृत्यु छ।

स्थानीय अधिकारीहरूका अनुसार बाढीमा फसेका अन्य व्यक्तिको खोज तथा उद्धार कार्य अझै जारी रहेको छ।

डाइक्सिन काउन्टीको सूचना कार्यालयले बिहीवार करीब एक बजे फलामखानीको एउटा कुवामा पानी पसेको जनाएको छ। यसअघि उक्त खानीभित्र १३ जना हराइरहेको अनुमान गरिएको थियो।

खानीभित्र थुनिएका मजदूर रहेको स्थानबाट पानी बाहिर निकालिएको पनि उक्त कार्यालयले जनाएको छ। खानीको हिलो र माटोमा पुरिएको आशङ्का गरिएका अरू तीनजना मजदूरको खोजी जारी रहेको छ। स्थानीय उद्धार कार्यालयले उक्त घटनाको छानबीन शुरू भइसकेको जनाएको छ।

खानी मजदूरको शव निकाल्ने क्रममा उद्धारकर्मीले टनेलभित्र ठूलो सङ्ख्यामा फ्युज, डेटोनेटर र विस्फोटक पदार्थ भेटिएको बताएका छन्। विस्फोटक पदार्थ डिस्पोज गर्ने विज्ञहरूको टोली पनि उक्त खानीमा पठाइएको छ।

बुधवार बिहानैदेखि भइरहेको भारी वर्षाका कारण उद्धार कार्यमा कठिनाइ भइरहेको छ। रासस

## इन्डोनेसियामा ६.१ म्याग्नीच्युडको भूकम्प

जाकार्ता, २ असार/सिन्ह्वा

इन्डोनेसियामा बुधवार शक्तिशाली भूकम्प गएको छ। देशको पूर्वी क्षेत्रमा पर्ने मालुकु प्रान्तमा केन्द्रबिन्दु भएर भूकम्प गएको हो।

भूकम्प गएपछि सुनामीको खतरा भने नरहेको अधिकारीहरूले बताएका छन्। भूकम्पले गरेको क्षतिका बारेमा पनि कुनै विवरण प्राप्त नभएको जनाइएको छ।

स्थानीय समय अनुसार बुधवार बिहान ११:४३ मा भूकम्प गएको थियो। भूकम्पले पारेको असरका बारेमा विवरण सङ्कलन गर्ने कार्य भइरहेको अधिकारीहरूले जनाएका छन्।

इन्डोनेसियामा बर्सेनि दर्जनौंपटक भूकम्प आउने र ठूलो धनजनको क्षति हुने गरेको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | ज्ञानोदय | वृष | भयचिन्ता |
| मिथुन | मित्रमिलन | कर्कट | अतिथिआगमन |
| सिंह | सुयश | कन्या | खर्चवृद्धि |
| तुला | धनलाभ | वृश्चिक | कर्मप्राप्ति |
| धनु | प्रगति | मकर | रोगभय |
| कुम्भ | नारीसुख | मीन | शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## अझै तीन दिन भारी वर्षा हुने

काठमाडौं, २ असार/रासस

जल तथा मौसम पूर्वानुमान महाशाखाले अझै तीन दिन देशका अधिकांश भागमा भारी वर्षा हुने प्रक्षेपण गरेको छ। धेरै वर्षा हुने भएकाले महाशाखाले केही स्थानमा बाढी र पहिराको खतरा औंल्याएको छ। महाशाखाकी मौसमविद् मञ्जु बासीका अनुसार मनसुनी वायु सक्रिय भएकाले अहिले देशभर पानी परिरहेको छ। यो वायुको प्रभावले आगामी शनिवारसम्म नै देशका अधिकांश भागमा भारी वर्षा हुने सम्भावना देखिएको छ। "मनसुनी वायुको प्रभावले अहिले देशका अधिकांश भागमा अहिले वर्षा भइरहेको छ," बासीले भनिन्, "यो वायुको प्रभावले आगामी शनिवारसम्मै देशका अधिकांश भेगमा भारी वर्षा हुने योग छ। त्यसपछि भने यो क्रममा ब्रेक लाग्नेछ।"

महाशाखाका अनुसार गण्डकी, लुम्बिनी प्रदेशका अधिकांश र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। महाशाखाका अनुसार बुधवार दिनभर र राति कर्णाली, वाग्मती प्रदेशमा भारी र लुम्बिनी तथा गण्डकी प्रदेशका केही स्थानमा अति भारी वर्षा हुने भएको छ। त्यसैले महाशाखाले यी क्षेत्रमा बाढी पहिरोको खतरा औंल्याएको छ।

### अब दाताकै .....

अचेतजस्तै देखिन्छिन्। दुईतिर छोराछोरी (एक छोरा, एक छोरी) राखेकी सञ्जु हिक्किँदै रुनबाहेक बोल्न सकेकी छैनन्। परिवारको बिचल्ली देखेर सामाजिक सङ्घसंस्थाले तत्काल भरथेग गर्न तयारी खानेकुरा (चाउचाउ, बिस्कुट) र केही खाद्यान्न पुर्‍याइदिएका छन्। परियार परिवार अहिले यस्तै सहयोगले चलेको छ।

"दया हुने आएर बुहारी र नानीहरूलाई ललाइफकाइ ख्वाइ दिन्छन्, म पनि केही खाएर सास अल्झाइरहेको छु," बलबहादुरले सहयोगीप्रति कृतज्ञभाव दर्शाउँदै भने, "पापी सास जान सकेन, बुढेसकालमा बिल्लबाठ हुनुपर्‍यो।"

परियार परिवारलाई परेको यो चोटमा दलित मुक्ति समाज बर्दिबासले खाद्यान्न र फेरफारका लत्ताकपडा सहयोग गरेको छ। परिवारजनलाई सान्त्वना दिएर सहज बनाउन छरछिमेक पनि लागिपरेको छिमेककै सामाजिक कार्यकर्ता सरोज गजमेरले बताए। मर्ने त मरेर गइ गए।

बाँचेका आफूहरूलाई सधैंको पिरलो सहनुपर्ने बाध्यता आइलागेको बलबहादुरले बताए। "जेठो त विरक्तिएको थियो जीवनबाट, तैपनि केही वर्ष बाँचोस् भन्ने आस हुँदाहुँदै झुन्डिएछ, तर माइलो कसरी मर्‍यो ? हजुर यो पत्ता लगाउन सहयोग गरिदिनुपर्‍यो," बलबहादुरको घर पुग्नेहरूसँग आग्रह छ। घरमा सहयोगस्वरूप आएको सामग्री तुरिएपछि के गर्ने भन्ने बलबहादुरको पिरोलो छ। शारीरिकरूपमा अशक्त र कान पनि राम्ररी नसुन्ने ६५ वर्षीय बलबहादुर सहाराका लागि घरीघरी बुहारीतिर नजर लगाउँछन्।

"अब एउटै आस सञ्जु हो, यिनी सम्हालिनै पर्छ," छिमेकी गङ्गा परियारले भनिन्, "आपद्मा धैर्य डगाउनु त भएन नि !" गङ्गाको भनाइले सह पाएका बलबहादुर पनि सञ्जुतिर फर्कंदै नानीहरूको मुख हेरेर बुहारीलाई सम्हालिन आग्रह गर्छन्।

यसैबीच, बर्दिबास–३ का अध्यक्ष राजन ढुङ्गानाले परियार परिवारको तत्काल राहत र सञ्जुलाई उपयुक्त कामका लागि पहलकदमी लिने बताए। "परियार परिवारको बिचल्ली भएको छ," उनले भने, "आपत्कालीन राहतका लागि सहयोग जोरजाम गर्नुपर्‍यो, मुख्य कुरा चैं परिवार जोगाउन सञ्जुलाई उपयुक्त कामको खोजी गर्नु छ।" यता इलाका प्रहरी कार्यालय बर्दिबासले दुवै दाजुभाइको मृत्युको घटनाबारे सूक्ष्म अनुसन्धान भइरहेको जनाएको छ।

# फरक समाचार

## कोभिशिल्डको एउटा खुराकले १ वर्षसम्म काम गर्छ

भारतमा कोरोना खोपको अभावलाई देखेर एशियन इन्स्टिच्युट अफ गेस्ट्रोएन्ट्रोलोजी (एआइजी) अस्पतालका प्रमुख डा डि नागेश्वर रेड्डीले भनेका छन्, "खोपको प्रयोग सावधानी र समझदारीपूर्वक गर्नुपर्छ। जो व्यक्ति कोभिड–१९ बाट निको भएका छन्, उनीहरूको लागि १२ महीनासम्म कोभिशिल्डको एउटा खुराकले काम गर्छ।"



एआइजीद्वारा गरिएको शोध इन्टरनेशनल जनरल अफ इन्फेक्शियस डिजिजमा प्रकाशित भएको छ। डा रेड्डीले यसको जानकारी साझा गरेका छन्। यस शोधमा उनले अस्पतालका कर्मचारीलाई दुई अलग–अलग समूहमा बाँडेर उनीहरूलाई खोपको खुराक दिएका थिए। यसमध्ये एउटा समूहमा कोरोना सङ्क्रमित नभएकाहरू सामेल थिए भने अर्को समूहमा सङ्क्रमितहरू सामेल थिए। खोपमाथि अहिलेसम्म थुप्रै शोध भइसकेको छ। यी सबै शोधमा अन्तर्राष्ट्रियस्तरमा मूल्याङ्कन र विश्लेषण पनि गरिएको छ। केही समय पहिले एउटा रिपोर्टमा भनिएको थियो– कोभ्याक्सिनको तुलनामा कोभिशिल्डले शरीरभित्र बढी एन्टिबडी निर्माण गर्छ, जसले हाम्रो इम्युन सिस्टम बलियो हुन्छ र शरीरले भाइरससँग लड्न मदत पाउँछ।

तर यस रिपोर्टमा कोभ्याक्सिन बनाउने कम्पनीको बयान जारी गरिएको थियो, 'यस प्रकारको तुलनात्मक अध्ययनको कुनै वैज्ञानिक आधार छैन। यद्यपि रिपोर्टमा यो स्पष्ट गरिएको थियो कि भारतमा निर्मित दुवै खोप भाइरसमाथि प्रभावकारी छ। यहाँ यो कुरा ध्यानमा राख्नुपर्छ कि खोपको खुराकलाई लिएर दुनियाँभरि मन्थन भइरहेको छ। त्यस्तै, भारतमा कोभिशिल्डको दुई खुराकको बीच अन्तर बढाएर १२ साता गरिएको छ। तर कोभ्याक्सिनमाथि यो लागू भएको छैन।

## कोरोनाबाट मृत्यु हुने ६० प्रतिशत रोगीको मांसपेशी सुन्निएको


कोरोनाबाट मर्ने ६० प्रतिशतभन्दा बढी रोगीको मांसपेशी सुन्निएको थियो। यो कुरा कोरोनाका ४३ जना रोगीको अटोप्सी रिपोर्टबाट आएको हो। रिपोर्ट अनुसार यस समूहमा सामेल १० जनामध्ये ६ रोगीमा कमजोरी र मांसपेशी सुन्निएको थियो। अनुसन्धान गर्ने जर्मनीको एउटा युनिभर्सिटी अनुसार कोरोनाको रोगीमा जुन सुन्निएको देखिएको थियो। त्यो साधारणतया मुटु र मिर्गौलामा हुने सुन्निएकोभन्दा भिन्दै थियो। शोधकर्ता अनुसार सुन्निएको गम्भीरतालाई हेर्दा पत्ता लागेको छ, के कोरोनाको रोगीलाई मांसपेशीमा चोट लागेपछि मृत्यु हुन्छ। जो बाँचेका छन्, उसले लामो समयसम्म कमजोरीको सामना गर्नुपर्छ। यसभन्दा पहिले गरिएको शोध अनुसार मांसपेशी चोटसँग जुझ्ने कोरोना रोगीको अवस्था नाजुक भएपछि मृत्युको खतरा बढी रहन्छ।



कोरोनासँग लडेर बाँच्ने दुई तिहाइ रोगीमा थकान, मांसपेशीमा कमजोरी र मांसपेशी दुख्ने समस्या हुन्छ। जामा जर्नलमा प्रकाशित शोध अनुसार मार्च २०२० देखि फेब्रुअरी २०२१ को बीच मर्ने ५४ रोगीमाथि अनुसन्धान गरिएको थियो। यसमध्ये ४३ जना कोरोनाबाट पीडित थिए, ११ जना अन्य रोगबाट ग्रसित थिए। दुई तिहाइ रोगीमा कमजोरी र दुखाइको समस्या थियो।

## सङ्क्रमण पत्ता लगाउने कोभिड अलार्म

ब्रिटेनका वैज्ञानिकले यस्तो डिभाइस बनाएका छन्, जसले १५ मिनेटमैं कोठामा कोरोना सङ्क्रमण पत्ता लगाउँछ भने ठूलो कोठामा ३० मिनेटमा पत्ता लगाउन सक्छ। कोरोना सङ्क्रमितबारे जानकारी दिने यो डिभाइस आउँदो समयमा विमानको केबिन, कक्षाकोठा, केयर सेन्टर, घर र कार्यालयमा स्क्रिनिङको लागि महत्त्वपूर्ण हुन सक्छ। यसको नाम 'कोभिड अलार्म' राखिएको छ। यो डिभाइस स्मोक अलार्मभन्दा अलि अलग छ।




लन्डन स्कूल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन र डरहम युनिभर्सिटीका वैज्ञानिकले यस रिसर्चको प्रारम्भिक नतीजाले आशा जगाएको बताए। वैज्ञानिकले परीक्षणको क्रममा डिभाइसको नतीजाको सटीकताको स्तर ९८ देखि सय प्रतिशतसम्म छ। यो कोरोनाको आरटी–पिसिआर र एन्टिजेन टेस्टको तुलनामा निकै सटीकताले कोरोना सङ्क्रमितबारे जानकारी दिन सक्छ।

डिटेक्टरले कोभिड भाइरसबाट सङ्क्रमित व्यक्तिलाई खोज्न सक्छ, चाहे सङ्क्रमित व्यक्तिमा कोरोनाको लक्षण नदेखियोस्, तर मेशिनले आफ्नो काम प्रभावकारी तरीकाले गर्छ। एकपटक पत्ता लागेपछि कोठामा रहेका व्यक्तिको व्यक्तिगत स्तरमा टेस्ट गर्न सकिन्छ।

शोधकर्ताका अनुसार हाल यो प्रारम्भिक नतीजा हो। अध्ययन प्रकाशित भइसकेको छ जसको समीक्षा गर्न आवश्यक छ। सार्वजनिक स्थानमा सङ्क्रमण पत्ता लगाउन र कोरोनाको अलावा भविष्यको महामारीको पहिचानको लागि यो उपाय ठीक हुनेछ। डरहम युनिभर्सिटीमा बायोसाइन्सका प्राध्यापक स्टिभ लिंडका अनुसार हरेक बिमारीको अलग गन्ध हुन्छ। हामीले कोरोनाबाट अनुसन्धान शुरू गर्‍यौं। सङ्क्रमित र सामान्य व्यक्तिको गन्धमा भिन्नताले काम सजिलो गरेको छ। रोगको पहिचानको लागि यो प्रविधि रोचक छ। डिभाइस भारु ५.१५ लाख पर्छ तर घातक महामारी पहिचानको लागि यो ठूलो राशि होइन। रोबोसाइन्टिकको यो डिभाइसले छाला र सासद्वारा उत्पादित रसायनलाई पत्ता लगाएर सङ्क्रमितको पहिचान गर्न सक्छ। भाइरसको कारण वाष्पशील कार्बनिक यौगिकमा बदलाव हुन थाल्छ। यसबाट शरीरमा गन्ध पैदा हुन्छ, डिभाइसमा लगाइएको सेन्सरले यसको पहिचान गर्छ। डिभाइसले अधिकृत व्यक्तिलाई यो जानकारी सन्देशमार्फत पठाउँछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)


# रक्सौलमा १८ वर्षमाथिकालाई खोप

प्रस, रक्सौल, २ असार/

कोरोनाविरुद्धको खोप बुधवारदेखि रक्सौलमा १८ वर्षमाथिका युवालाई लगाउन शुरू भएको छ। रक्सौलको केसिटिसी क्याम्पस, उपस्वास्थ्य केन्द्र र नजीक रहेका विद्यालयहरू राजकीय मावि, टुमरियाटोला, आर्य कन्या मावि, कस्तुरबा उमावि र पोस्ट अफिस रोडमा कोरोनाविरुद्धको खोप दिने कार्य शुरू भएको छ।

आजदेखि १८ वर्षमाथिका युवालाई खोप दिन शुरू भएको खोप केन्द्रकी निरीक्षक एसडिएम आरती कुमारीले बताइन्।

कार्यक्रममा डिसिएलआर रामदुलार राम, पिजिआरओ कार्यपालक दण्डाधिकारी सन्तोषकुमार सिंह, कार्यपालक पदाधिकारी गौतम आनन्द, विडियो सन्दीप सौरभ, सबरजिस्टार सन्तोष कुमार, सिइओ विजयकुमार, प्रभारी चिकित्सा पदाधिकारी डा एसके सिंह, बिएचएम आशिष कुमार र युनिसेफका अनिल कुमारलगायत सहभागी थिए।


तस्वीर: प्रतीक

# बुधवार एकजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २ असार/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बुधवार एकजना सङ्क्रमित पुष्टि गरेको छ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ५३ जनाको स्वाब परीक्षण गरिएकोमा रौतहटका एकजना ६० वर्षीया महिला सङ्क्रमित पुष्टि भएको बताए। उनको सिटी भ्याल्‍यू २७.६ रहेको छ। यसैगरी, हिजो ६७ जनाको स्वाब परीक्षण गर्दा ६ जना सङ्क्रमित पुष्टि भएको डा सिंहले जानकारी गराए।

# सप्तकोशीमा १२ ढोका खोलियो

प्रस, सप्तरी, २ असार/

बुधवार बिहान कोशी ब्यारेजको जल सतह निकै बढेर खतराको रेखानजीक पुगेपछि ब्यारेजका १२ वटा ढोका खुल्ला गरिएको छ। मङ्गलवार बिहानदेखि लगातार परेको पानीका कारण जल सतह बढेको हो।

आज बिहान कोशीमा पानीको बहाव ६१ हजार १४५ क्युसेक प्रतिसेकेन्ड मापन गरिएको छ।

खतराको सीमारेखा पार गर्न थालेपछि ढोका खोलिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताएका छन्।

नदी किनार आसपासका क्षेत्रमा सतर्कता अपनाइएको र निरन्तर अवलोकन भइरहेको प्रजिअ ढकालले जानकारी गराए।



तस्वीर: प्रतीक




# रौतहटको सार्वजनिक स्थलमा मास्क अनिवार्य

प्रस, रौतहट, २ असार/

रौतहटको सार्वजनिक स्थलमा मास्क नलगाउनेलाई पटकेपिच्छे जरिवाना गरिने जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ।



जिल्ला प्रशासन कार्यालय रौतहटले बुधवार सूचना प्रकाशन गर्दै कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश-२०७८ को दफा २१ बमोजिम सार्वजनिक स्थलमा आवतजावत गर्नेहरूलाई मास्क नलगाएको खण्डमा पटकेपिच्छे सय रुपैयाँ जरिवाना लिने जनाएको छ।

# वर्षाले किसान चिन्तित, बीउमा क्षति

प्रस, सेढवा, २ असार/

लगातारको वर्षाले पर्सेली किसानहरू चिन्तित भएका छन्। किसानहरूले अगहनी धानको बीउ राखिसकेपछि निरन्तरको वर्षाले क्षति पुऱ्याएको छ।

कतिपय किसानले पहिलोपटक लगाएको बीउ बिग्रिएपछि फेरि लगाउने तयारीमा जुटेका छन्। जगरनाथपुर गापा-१ का किसान रमेश थारूले पहिलोपटक लगाएको बीउ पानीले क्षति भएर नउम्रिंदा दोस्रोपटक लगाउनुपरेको बताए। तर दोस्रोपटक बीउ छर्ने बित्तिकै लगातार पानी परेर पुनः समस्या दोहोरिने आशङ्काले उनलाई चिन्तित बनाएको छ।

महँगोमा बीउ खरीद गरेर दोस्रोपटक रोप्नुपर्दा आर्थिक भार बढेको उनको भनाइ छ। पानीको कारण थुप्रै किसानले लगाएको बीउ उम्रेको छैन, जसले गर्दा धानबाली प्रभावित हुने किसानहरू बताउँछन्। पानीकै कारण किसानहरूले धान रोपाइँको लागि खनजोत गर्न सकेका छैनन्।


पहिलोपटक रोपेको बीउ नउम्रेपछि दोस्रोपटक रोपेको बीउलाई पानीले क्षति पुऱ्याउँदै। तस्वीरः प्रतीक

जीराभवानी गापा-२ सेढवाका पतिराम महतोले गहुँ भित्र्याएपछि एकपटक पनि जोताइ गर्न नसकेको बताए। खेत खनजोत गर्न नसक्दा झारपात उम्रिएको उनको भनाइ छ। पानी जमेको खेतमा ट्याक्टरबाट जोताइ गर्दा धेरै समय र पैसा खर्च हुने उनले बताए। किसानहरूले खेत खनजोत नभएकोले जमीनभित्र रहेका विभिन्न कीटाणु जमीनमैं बसेका र जमीन सुकेर खुकुलो नहुँदा बालीमा विभिन्नखाले रोग लाग्ने सम्भावना बढी हुने बताए।

# सरकारी/निजी सवारीसाधनमा जिपिएस जडान

प्रस, सेढवा, २ असार/

जीराभवानी गाउँपालिकाले आफ्ना सवारीसाधनहरूमा जिपिएस जडान शुरू गरेको छ।

सवारी दुर्घटना न्यूनीकरणका लागि सरकारले लागू गरेको जिपिएस जडान कार्यलाई जीराभवानी गापाले शुरू गरेको हो। गापा अन्तर्गत रहेका एक्साभेटर, टिपर, ट्याक्टर, एम्बुलेन्स, कार तथा मोटरसाइकलमा जिपिएस जडान भइरहेको जीराभवानी गापाका सरोज दासले बताए।

सवारीसाधन दुर्घटना, चोरी तथा कर्मचारी, जनप्रतिनिधिबाट सरकारी गाडीको दुरुपयोग नियन्त्रणको लागि इन्टरनेट प्रणाली जिपिएस लागू गरिएको हो। जिपिएस जडान भएका गाडी कहाँ सञ्चालन भइरहेका छन् भन्नेबारेमा इन्टरनेटमार्फत सम्बन्धित निकायले निगरानी गर्न सक्छ।

जीराभवानीमा जिपिएस जडानको जिम्मा पाएका इफास्ट ट्र्याक सोल्युशनका सन्तोष तामाङले सरकारले सरकारी सङ्घसंस्था तथा निजी सवारीसाधनमा जिपिएस जडान गर्ने नीति रहेको बताए। उनले जीराभवानीबाट यो कार्य शुरू भएपनि जिल्लाका सबै पालिकामा लागू हुने बताए।


स्कुटीमा जिपिएस प्रणाली जडान गर्दै प्राविधिक। तस्वीरः प्रतीक

# विपद्मा खटिन केन्द्रको आदेश पर्खनुपर्दैन –सेना

काठमाडौं, २ असार/रासस

नेपाली सेनाले सिन्धुपाल्चोक र मनाङमा बाढीपहिरोका जोखिममा परेका नागरिकलाई उद्धार गरेको छ। मनाङको सदरमुकाम चामे र सिन्धुपाल्चोक मेलम्ची क्षेत्रमा मङ्गलवारको भीषण वर्षापछि आएको बाढीपहिरोका कारण पूर्वाधारलगायत ठूलो परिमाणमा सम्पत्तिको क्षति भएको छ।

मनाङमा करीब तीनदेखि चार सय बाढी प्रभावित मानिसलाई नजीक सुरक्षित स्थानमा पुऱ्याउन र अलपत्र परेकालाई त्यहाँ तैनाथ रणसुर गणले उद्धार र सहयोग गरेको नेपाली सेनाका प्रवक्ता सन्तोषबल्लभ पौडेलले जानकारी दिए।

उनले भने, "सिन्धुपाल्चोकमा बाढीपहिरोमा परी अलपत्र परेका चारजनाको सेनाको हेलिकोप्टरले उद्धार गरेको छ। बाढीबाट अप्ठेरोमा पर्न सक्ने मानिसलाई सुरक्षित स्थानमा लैजान र पुनर्वासका लागि अस्थायी सेल्टर निर्माणका लागि पनि सङ्गठनले सहयोग गरिरहेको छ।" भीषण र लगातारको वर्षापछि खसेको पहिरोले मेलम्ची खोला थुनिएर गएको बाढीले खोला किनारका बस्ती, माछा फार्म र मेलम्ची बजार क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। त्यस क्षेत्रका कयौं घरगोठ, पशुचौपाया बगाएको तथा माटासहितको बाक्लो लेदोले मेलम्ची बजार क्षेत्रका बस्ती र खेतीयोग्य जमीन पुरेको छ।

प्रभावित क्षेत्रका जनतालाई तत्काल खाना र राहत उपलब्ध गराउने तथा पाललगायत अत्यावश्यक सामग्री ढुवानीमा पनि सेना संलग्न छ। नागरिकको सहयोगका लागि सेनाले स्थानीय प्रशासन, अरू सुरक्षा फौज र सरोकार निकायको समन्वय र सहकार्यमा काम गरिरहेको प्रवक्ता पौडेलले जानकारी दिए।

सैनिक मुख्यालयले प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेको नेपालका ७७ वटै जिल्लामा रहेका आफ्ना एकाइलाई तत्तस्थानमा रहेको जनशक्तिको एक तिहाइ फौज विपद् व्यवस्थापन र प्रतिकार्यका लागि खटिने सिलसिलामा तैनाथ अवस्थामा रहन निर्देशन दिएको छ। विपद् व्यवस्थापनका सिलसिलामा कसैले पनि केन्द्रको आदेश पर्खनु नपर्ने तथा स्वतः परिचालन हुने गरी पूर्वनिर्देशन भइसकेको प्रवक्ता पौडेलले जानकारी दिए।

यस वर्षको मनसुनको आगमनसँगै बाढीपहिरोलगायत प्राकृतिक प्रकोप र विपद्का घटना आउन सक्ने अनुमान गरी गृह मन्त्रालयसहितका सरोकार निकायसँगको समन्वय र सहकार्यमा जोखिम क्षेत्रको पहिचान गरिएको थियो। त्यसै आधारमा सेनालगायत सुरक्षा फौजले जनशक्ति परिचालनको व्यवस्थापन मिलाइसकेको छ। अघिल्लो वर्ष सेनाले विपद् व्यवस्थापन न्यूनीकरणका लागि प्रतिकार्यका विभिन्न अभ्यास गरेको थियो। विपद् प्रतिकार्यका लागि सञ्चालन गर्ने सन्दर्भमा सेनाका हवाई साधन पनि इटहरी, काठमाडौं र सुर्खेतमा पूर्वतयारी अवस्थामा राखिएको जानकारी दिइएको छ। सेनाले उपलब्ध विभिन्न खाले २०० डुङ्गाको व्यवस्था गरेको छ। सेनाका चितवन र काठमाडौं सुन्दरीजलमा विपद् व्यवस्थापन गण तैनाथ छन्। विभिन्न पृतनामा आवश्यक जनशक्ति त्यहाँबाट तत्काल खटिने व्यवस्था मिलाइएको सेनाले जनाएको छ।

कोभिड-१९ को प्रकोपको विद्यमान अवस्थालाई दृष्टिगत गरी सेनाले स्वास्थ्यका सबै मापदण्ड पूरा गरेर काम गर्नुपर्ने भएकाले सम्भव भएसम्म पालनामा पनि ध्यान पुऱ्याउनेछ।

सेनाका जनशक्तिमध्ये ५० हजारले पहिलो र २७ हजारले दोस्रो मात्राका खोप लगाइसकेका छन्। जनशक्ति खटाउँदा भरसक खोप लगाएकालाई प्राथमिकता दिने बताइएको छ।

# निषेधाज्ञासँगै घट्यो डिजिटलमार्फत भुक्तानी हुने कारोबार

काठमाडौं, २ असार/रासस

गत वैशाखदेखि देशका अधिकांश जिल्लामा निषेधाज्ञा लागू भएसँगै डिजिटल भुक्तानी प्रणालीमार्फत हुने कारोबार रकममा कमी आएको छ। निषेधाज्ञाअघिको तुलनामा निषेधाज्ञा जारीसँगै डिजिटल भुक्तानीको कारोबार रकममा कमी आएको हो।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको दश महीनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार २०७७ अनुसार गत चैतको तुलनामा वैशाखमा मात्र कारोबार रकममा साढे दुई अर्ब रुपैयाँभन्दा बढीले कमी आएको छ।

निषेधाज्ञा शुरू हुनुअघि डिजिटल कारोबार लगातार बढिरहे पनि निषेधाज्ञा शुरू भएसँगै कारोबारको सङ्ख्या र परिमाण घटेको राष्ट्र बैंकको तथ्याङ्कमा छ। निषेधाज्ञा लागू भएसँगै कनेक्ट आइपिएस, इन्टरनेट बैंकिङ, क्युआर स्क्यान मोबाइल वालेट र इकर्मसमार्फत हुने कारोबार रकममा कमी आएको हो।

गत चैतमा डिजिटल भुक्तानीमार्फत रु एक खर्ब ६६ अर्ब ८१ करोडभन्दा बढीको कारोबार भएकामा वैशाखमा उक्त कारोबार रकममा कमी आई रु एक खर्ब ६४ अर्ब ७५ करोड बराबरको कारोबार भएको छ। गत वर्षको निषेधाज्ञासँगै कारोबार रकममा वृद्धि हुँदै आएकामा निषेधाज्ञा लागू भएसँगै कारोबार रकममा कमी आएको हो।

**कुनको कति रकम घट्यो ?**



राष्ट्र बैंकको तथ्याङ्क अनुसार गत चैतको तुलनामा कनेक्ट आइपिएसमार्फत हुने कारोबार रकममा रु ९३ करोड २० लाखले कमी आएको छ। वैशाखमा कनेक्ट आइपिएसमार्फत रु एक खर्ब ४१ अर्ब २७ करोड बराबरको कारोबार भएको छ। गत चैतमा रु एक खर्ब ४१ अर्ब ८० करोढ २० लाख बराबरको कारोबार भएको थियो भने फागुनमा रु एक खर्ब १० अर्ब ५७ करोड २० लाख बराबरको कारोबार भएको थियो।

चैतमा २० लाख ३८ हजार ४६५ पटक कनेक्ट आइपिएसको प्रयोग भएकामा वैशाखमा १८ लाख ४३ हजार ५५१ पटक मात्र कारोबार भएको छ। यस्तै, गत चैतको तुलनामा इन्टरनेट बैंकिङमार्फत हुने कारोबार रकममा समेत कमी आएको छ। वैशाखमा रु दश अर्ब ८० करोड बराबरको कारोबार भएकामा गत चैतमा रु दश अर्ब २१ करोड पाँच लाख बराबरको कारोबार भएको थियो।

गत चैतमा वालेटमार्फत रु ११ अर्ब २१ लाख बराबरको कारोबार भएकामा वैशाखमा रु १० अर्ब १० लाख बराबरको कारोबार भएको छ। क्युआरमा आधारित भुक्तानीमार्फत गत चैतमा रु दुई अर्ब ७२ करोड २२ लाख बराबरको कारोबार भएकामा वैशाखमा रु दुई अर्ब ५२ करोड ९० लाख कारोबार भएको छ।

यस्तै, गत चैतमा अनलाइन (ई-कमर्स)का माध्यमबाट रु दश अर्ब ५८ करोड बराबरको कारोबार भएकामा वैशाखमा कारोबार रकममा कमी आई रु ७६ करोड ८० लाख बराबरको कारोबार भएको छ। अन्य डिजिटल माध्यमबाट गत चैतको तुलनामा वैशाखमा कारोबार रकममा कमी आए तापनि मोबाइल बैंकिङमार्फत हुने कारोबार रकममा केही वृद्धि भएको छ।

गत चैतमा मोबाइल बैंकिङमार्फत रु ४८ अर्ब ६५ करोड २० लाख बराबरको कारोबार भएकामा वैशाखमा रु ४८ अर्ब ८८ करोड ७० लाख बराबरको कारोबार भएको छ। गत चैतको तुलनामा वैशाखमा रु २३ करोड ५० लाख बराबरले वृद्धि भएको छ।